# थलारा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खोली, बझाङ

## सुदूरपश्चिम प्रदेश, नेपाल

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२४)**

प्रस्तुत विषय सम्बन्धमा यस थलारा गाउँपालिका मा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक, रोजगार सहायक संयोजक तथा प्राविधिक सहायक करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा निवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७९-०८० | रोजगार संयोजक | स्थानीय सेवाको छैठौं तह सरह | १ जना |
| २ | ०२/२०७९-०८० | रोजगार सहायक संयोजक | स्थानीय सेवाको पाँचौ तह सरह | १ जना |
| ३ | ०३/२०७९-०८० | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ जना |

**१. रोजगार संयोजकको लागि न्युनतम शैक्षिक योग्यता र अनुभवः**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

(ख) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

(ग) मान्यता प्राप्त शैक्षिक संस्था वा इन्सीच्युटबाट कम्प्युटर विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त हुनुपर्ने ।साथै सरकारी तथा गैर सरकारी संघ संस्थामा कम्तिमा १ वर्षको कार्यानुभव भएको हुनु पर्नेछ।

**२. रोजगार सहायक संयोजकको लागि न्युनतम शैक्षिक योग्यता र अनुभवः**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

(ख) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा ३ महिना तालिम भएको ।

**३. प्राविधिक सहायकका लागि न्युनतम शैक्षिक योग्यताः**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा तह उत्तीर्ण गरेको ।

(ख) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा ३ महिना तालिम भएको ।

४. **उमेरः** (क) रोजगार संयोजकका लागि दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

(ख) रोजगार सहायक संयोजक र प्राविधिक सहायकका लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

५. **दरखास्त दिने स्थानः** थलारा गाउँपालिकाको कार्यालय खोली, बझाङ्ग । अथवा थलारा गाउँपालिकाको ईमेल thalaramun@gmail.com मा पठाउन सकिनेछ ।

६. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०५/०७ गते कार्यालय समय भित्र र सो दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

७. **आवेदन दस्तुरः** रोजगार संयोजकका लागी रु १०००।- र रोजगार सहायक संयोजक र प्राविधिक सहायकका लागि रु ५००।- (थलारा गाउँपालिकाको नाममा रहेको कुमारी बैंक शाखा कार्यालय खोली बझाङ्गमा रहेको खाता नं. १८४०१०२६१२३००००१ मा जम्मा गरेको भौचर ।)

८. **छनौटको किसीमः** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन, लिखित परीक्षा, (रोजगार सहायक संयोजकका लागि कम्प्युटर प्रयोगात्मक परीक्षा), मौखिक परीक्षा ।

**९. आवेदन साथ संलग्न कागजातहरुः**

नेपाली नागरिकताको प्रतिलिपी, उम्मेदवारको व्यक्तिगत विवरण, कार्यानुभव प्रमाणपत्रको प्रतिलिपि न्युनतम शैक्षिक योग्यताको प्रतिलिपी, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट साइजको फोटो

...........................

सिद्धराज पण्डित

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ९८५८४९०२५४, ९८६५६५४६६५

नोटः परीक्षाको मिति, समय र स्थान छोटो सुचि प्रकाशन गरेको भोलिपल्ट यस कार्यालयको सूचना पाटी तथा वेवसाइट मार्फत जानकारी गराइनेछ ।